## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: १७-२०७९/०८०

मिति २०८०/०२/०१

समय: बिहान ७:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०८०/०२/०१ वैठक संख्या: १७-२०७९/०८०

**प्रस्तावहरुः**

१. अस्पताल भवन निर्माण म्याद सम्बन्धमा
२. अस्पताल भवन निर्माण बजेट ब्यवस्थापन सम्बन्धमा
३. कालिमाटी बघई सडक सम्बन्धमा
४. पदपूर्ति सम्बन्धमा
५. झोलुङ्गेपुल बृहत सूची सम्बन्धमा
६. वडा नं. ४ लाब्दीखोला र चामन बेशी झोलुङ्गेपुल बृहत मर्मत सम्बन्धमा
७. आयोजना फरफारक सम्बन्धमा
८. त्रिकोणात्मक पुल सम्बन्धमा
९. विद्युतिकरण नभएको क्षेत्र तथा घर धुरी सम्बन्धमा
१०. राहत सम्बन्धमा
११. सामाजिक सुरक्षा भत्ता लाभग्राही अध्यावधिक सम्बन्धमा
१२. सिलाईबाट उत्पादित वस्तु (कपडा) हस्तान्तरण सम्बन्धमा
१३. सि.सि.टि.भी. सम्बन्धमा
१४. वडा नं. ४ को भित्री बाटो मर्मत सम्बन्धमा
१५. प्रशिक्षण कार्यक्रम संचालन सम्बन्धमा
१६. अन्तर पालिका स्तरीय भलिबल प्रतियोगिता संचालन गरेकोलाई अनुदान सहयोग दिने सम्बन्धमा
१७. वडा नं. ५ सेती भतेरी जाने बाटो मर्मत भुक्तानी सम्बन्धमा
१८. शालिग्राम करिडोर वडा नं. २, मर्मतको भुक्तानी सम्बन्धमा
१९. जरिवाना सम्वन्धमा
२०. अधुरो नाला निर्माण कार्यका लागि थप वजेट विनियोजन सम्बन्धमा
२१. सेती भतेरी सडकमा पानी राख्दाको भुक्तानी सम्बन्धमा
२२. वडा नं. ५ भित्री सडकहरु स्तर उन्नती सम्बन्धमा
२३. गाउँपालिका भवन मार्वलको भुक्तानी सम्बन्धमा
२४. सेनेटरी प्याड स्पेशिफिकेसन सम्बन्धमा
२५. सडक क्षेत्राधिकार सम्बन्धमा

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णयहरु:**

**निर्णय नं. १:** गाउँपालिका अस्पताल भवन निर्माणको लागि ठेक्का म्याद ६ महिना थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** गाउँपालिका अस्पताल निर्माणको ठेक्का लिएको रोशन शिवशक्ति जे.भि. ले रनिङ्ग बिल पेश गरेकोमा आवश्यक बजेट पठाइदिनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखि पठाइएको तर हाल सम्म रकम प्राप्त नभएकोले निर्माण कार्यमा ढिलाई तथा बाधा पर्न गएको छ । साविक स्वास्थ्य चौकी सञ्चालन भईरहेको जग्गामा नेपाल सरकारबाट नै अस्पताल स्वीकृत भई निर्माण कार्य अगाडी बढेको साथै रकम पनि निकासा प्राप्त भई गत आर्थिक वर्षमा भुक्तानी पनि भएको कार्यको यस आ.व. मा यथाशिघ्र रकम पठाइदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखि पठाउने भनि यस अघिको कार्यपालिका बैठकमा निर्णय गरी लेखि पठाइएकोमा हाल रु. ६८,१०,०००।– (अठसठ्ठी लाख दश हजार रुपैंया मात्र) रकम प्राप्त भएकोमा आषाढ २० सम्म थप रु. १,५०,००,०००।- (अक्षरुपी एक करोड पचास लाख रुपैंया मात्र) को काम हुने अनुमान भएकोले थप रु. १,५०,००,०००।- (अक्षरुपी एक करोड पचास लाख रुपैंया मात्र) रकम उपलब्ध गराइदिन पुन: स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखि निर्णय गरियो ।

**निर्णय नं. ३:** वडा नं. ५, कालिमाटी बघई वन पथ निर्माण सम्बन्धमा यस अघिको कार्यपालिका वैठकको निर्णय अनुसार ४ मीटर चौडाईको वन पथ निर्माण गर्ने गरी लागत ईष्टिमेट स्वीकृत गरी सम्झौता गरिएकोमा उपभोक्ता समिति रानीवन सादुदायिक वन उपोभोक्ता समुहको निर्णयकासाथ प्राप्त पत्र अनुसार उपभोक्ताको आवश्यकता अनुसार तथा दोहोरो गाडी पास हुने गरी ४ देखि ६ मीटर सम्मको चौडाई हुने गरी प्राविधिक मुल्याङ्कन गर्ने र मुल्याङ्कन अनुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४:** अत्यावश्यक सेवा प्रवाह गर्न तत्काल पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल अनुसारका पदहरु पदपुर्ति गर्ने निर्णय गरियो ।

तपसिल

क) अ.हे.ब. छैठौ रामचन्द्र के.सी. काज सुरुवा भई अन्यत्र जानु भएकोले सो स्थानमा अ.हे.ब. पद- १ पदपुर्ति गर्ने ।
ख) रिक्त स्थान रहेको प.से.प्रा. पाँचौ पदपुर्ति गर्ने।

**निर्णय नं. ५:** झोलुङ्गेपुल निर्माण गर्नुपर्ने स्थानहरु पहिचान गरी बृहत सूची तयार गरी वडा कार्यालयले गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६:** वडा नं. ४ लाब्दीखोला र चामनवेशी झोलुङ्गेपुल धेरै हल्लिने र जोखिमको सम्भावना भएकोले वृहत मर्मत गरिदिनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** चालु आ.व.को हाल सम्म वडा कार्यालयहरुबाट भुक्तानी सिफारिस गरि पठाएका र गाउँपालिका स्तरका आयोजनाहरु फरफारक भएको अनुमोदन गरियो । साथै बाँकी आयोजना सम्पन्न गरी जेष्ठ मसान्त सम्ममा भुक्तानीको लागि पेश गरि सक्नुपर्ने र सो अनुसार हुन नसकेमा कार्यालय भुक्तानीको लागि बाध्य हुनेछैन । सम्बन्धित पक्ष नै जिम्मेवार बन्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** तनहुँ जिल्ला देवघाट वडा नं. ५, चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १ र नवलपारासी जिल्ला गैडाकोट नगरपालिका वडा नं. ३ जोड्ने देवघाट वेणी संगममा धार्मिक पर्यटकीय

रमेश सुवेदी

तिल बहादुर थापा
अध्यक्ष

त्रिकोणात्मक झोलुङ्गेपुल निर्माण गर्न आवश्यक रहेकोले उक्त स्थानमा त्रिकोणत्मक झोलुङ्गेपुल निर्माण गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:** विद्युतीकरण नभएको क्षेत्र तथा घर धुरीको विवरण तयार गरी वडा कार्यालयले गाउँपालिकामा पठाउने र सोही अनुसार सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:** तपसिल अनुसारका व्यक्तिहरुलाई तपसिल अनुसारको राहत दिने निर्णय गरियो ।

तपसिल

क) वडा नं. ४, किसान गुरुङ्गको छोरा अर्जुन गरुङको खानेपानी सम्बन्धी काम गर्ने क्रममा दुर्घटना भई हात अंगभङ्ग भएकोले र आर्थिक अवस्था पनि कमजोर भएकोले उपचार राहत स्वरुप रु. १५,०००.०० (अक्षरुपी पन्ध्र हजार रुपैयाँ मात्र) नगद उपलब्ध गराउने ।

ख) वडा नं. २, सिम्लेक टोलका टेक बहादुर आलेको गोठ जलेर पुर्ण नष्ट भई नोक्सान भएकोले विपद् राहत स्वरुप रु १०,०००।– (अक्षरुपी दश हजार रुपैंया मात्र) नगद भुक्तानी दिने ।

ग) वडा नं. १ सन्त बहादुर भुजेलको घर तथा गोठ पूर्ण रुपमा जलेको हुनाले विपद् कोषबाट रु. १०,०००।– (अक्षरुपी दश हजार रुपैंया मात्र) नगद उपलब्ध गराउने ।

घ) वडा नं. १ जसमाया परियार ( क्यान्सर रोगी) लाई रु. १०,०००।– (अक्षरुपी दश हजार रुपैंया मात्र) नगद उपलब्ध गराउने ।

ङ) वडा नं. २, कमल बहादुर लामिछाने (मृगौला रोगी) लाई रु. १०,०००।– (अक्षरुपी दश हजार रुपैंया मात्र) नगद उपलब्ध गराउने ।

**निर्णय नं. ११:** सामाजिक सुरक्षा भत्ता लाभग्राहीको विवरण दुरुस्त अध्यावधिक गर्ने । मृत्य भएका लाभग्राहीको नाम हटाउने तथा बैंकमा भत्ता लिन सिफारिस नगर्ने काममा वडा कार्यालय जिम्मेवार बन्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** मेड्पा कार्यक्रम अन्तर्गत सिलाई कटाई सिपमुलक तालिमवाट उत्पादित कपडा तालिम लिने व्यक्तिलाई नि:शुल्क उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३:** वडा नं. ५, दासढुङ्गा पुल, जुगेडी पुल, गणेश टोल पुल र कालिगण्डकी (हर्दी) पक्की पुलमा CCTV जडान गरी कन्ट्रोल रेकर्ड सिष्टम गाउँपालिका, कार्यालयमा राख्ने निर्णय गरियो र सम्बन्धित शिर्षकबाट नपुग रकम पूँजीगत भैपरी शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:** वडा नं. ४ को भित्री बाटो काफलडाँडा – काफलस्वाँरा, ज्यामिरे ढड्डाघारी, डुँडे वासपानी स्थानमा सडक मर्मत गर्दा भएको खर्च रु. ६९,५८१।– मर्मत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १५:** सभा तथा कार्यपालिका बैठक सञ्चालन लगाएतका विषयमा सभाका सम्पूर्ण सदस्य तथा कर्मचारीहरुको लागि प्रशिक्षण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:** अन्तर पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिता, २०७९ संचालन गरेको योङ्ग कम्युनिष्ट लीग, नेपाल जिल्ला समन्वय समिति तनहुँलाई रु. २५,०००।– (अक्षरुपी पच्चीस हजार रुपैंया मात्र) चालु भैपरीबाट भुक्तानी दिने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. १७:** वडा नं. ५ सेती भतेरी घाट जाने बाटो मर्मत तथा बनाउदा भएको खर्च रु. १७,१६९।– मर्मत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १८:** शालिग्राम करिडोर वडा नं. २ (तोरिनाम) खरखरे खण्डमा सुख्खा पहिरो गई सफाई गर्दा लागेको खर्च रु. १,१६,४००।-- मर्मत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १९:** चापखोला क्वादी खोला घाटमा IEE नगरेको र ठक्का सम्झौता बाहिरको क्षेत्र कालिगण्डकी नदी किनारमा मेसिन गएकोले नियन्त्रणमा लिइएको र अनुगमन समितिको सिफारीसमा/ निर्णयमा ठेकेदारलाई रु. १,५०,०००।– (अक्षरुपी एक लाख पचास हजार रुपैंया मात्र) जरिवाना लगाउने र नियन्त्रणमा लिइएको मेसिन छोड्ने निर्णय गरियो साथै कालिमाटी IEE मा तोकिएको र स्वीकृत दिएको भन्दा वढी परिमाण माटो उत्खनन् गरेकोले अनुगमन समितिको सिफारिसमा रू. ४,५०,७८७.५० (अक्षरुपी चार लाख पचास हजार सात सय सतासी पैसा पचास मात्र) मन बहादुर गुरुङबाट जरिवाना असुल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०:** संसोधित बजेटमा वडा नं. ५ देउती छरछरे खानेपानी भवन देखि देउती सामुदायिक वन भवनसम्मको अधुरो नाला निर्माण कार्यको लागि रु. ३,००,०००।– (अक्षरुपी तीन लाख रुपैंया मात्र) थप विनियोजन हुनुपर्नेमा वसन्तपुर कुमारी रानाको घर देखि अधुरो नाला निर्माण हुन गएकोले सच्याइएको छ ।

**निर्णय नं. २१:** सेती भतेरीबाट नदीजन्य पदार्थ उत्खनन् गरेको र ढुवानीको क्रममा ट्याक्टरले धुलो उडाई मानव स्वास्थ्यमा असर पर्ने भएकोले सडकमा पानी राखेको सम्बन्धमा वडा कार्यालयबाट सम्झौता सहित सम्पूर्ण कागजात पेश भएपछि अर्को बैठकबाट निर्णय गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२:** वडा नं. ५ भित्री सडकहरु स्तर उन्नती गर्ने र त्यसको लागि आवश्यक नदीजन्य पदार्थ त्रिशुली नदी सेतिभतेरी घाटबाट उत्खनन् गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३:** गाउँपालिका भवनमा राखिएको मार्वलको सम्बन्धमा यस अघिको कार्यपालिका बैठकको निर्णय प्रतिवेदन तथा प्राविधिक अनुसार १२ देखि १४ मि.मि. सम्मको प्राविधिक मूल्याङ्कन भएकोले सोही अनुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २४:** चालु आ.ब. २०७९/०८० को सशर्त बजेटबाट २८० mm लम्बाईको सेनेटरी प्याड खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५:** भु-उपयोग ऐन र नियमावली बमोजिम देवघाट गाउँपालिकाको जग्गा वर्गिकरणको लागि यस क्षेत्र भित्र रहेका सडकहरुको क्षेत्र निर्धारण गर्नुपर्ने भएकाले हालसम्म कायम भएका र थप हुने सडक समेतको दायाँ बायाँको क्षेत्र देहाय बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

१) तपसिल मापदण्ड अनुसारको क्षेत्रलाई आवासीय क्षेत्रमा वर्गिकरण गर्ने:
   - क) वडा नं. ५ को हकमा यहाँ अवस्थित सम्पूर्ण सडकको दायाँ बायाँ १००-१०० मिटरको क्षेत्र
   - ख) वडा नं. १ देखि ४ को हकमा यदि १० घर परिवारकको संयुक्त बसोबास भए १०० मिटरको अर्धव्यासमा पर्ने क्षेत्र
   - ग) वडा नं. १ को कोटा- कालिकाटार क्षेत्र भित्र पर्ने सम्पूर्ण सडकको दायाँ बायाँ १००-१०० मिटरको क्षेत्र